# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं


मिति: २०७९।०६।०६ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला संखुवासभा, खाँदबारी नगरपालिका वडा नं. ६ मा पर्ने हिगुवा महानन्द चोक हुँदै थलेडाँडा वर्खेडाँडा सडक खण्डमा उपभोक्ता समितिमार्फत भएको आ.व. २०७४।०७५ को कार्यमा काम नै नगरी योजना र बजेट फरफारक गरी हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा उक्त निर्माण कार्यमा नभएको काम भए गरेको हो भनी नापी किताब, स्वीकृत सम्झौता, बैङ्क स्टेटमेन्ट, बिल भरपाईसमेतका आधारमा रु.३,७४,१२७।६६ नभए नगरेको काममा समेत बढी भुक्तानी लिने/दिने कार्यमा संलग्न निम्न व्यक्तिहरुउपर निम्नानुसारको कसुरमा सजायको मागदाबी लिइएको छ।

**निम्नः**

**(१) खाँदबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत कृष्ण कुमार निरौला, तत्कालीन इन्जिनियर सुरज श्रेष्ठ र सब-इन्जिनियर मनोज कुमार चापागाईले** आ.व. २०७४।०७५ मा खाँदबारी नगरपालिका वडा नं. ६ स्थित महानन्द चोक हिगुवा हुँदै थलेडाँडा वर्खेडाँडा सडक मर्मत कार्यमा भएको कामको परिमाणभन्दा बढी परिमाण देखाई, झुट्टा नापी किताब, भुक्तानी बिल र कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरी नेपाल सरकारलाई गैरकानूनी हानी पुऱ्याउने उद्देश्यले निर्धारित सर्त र मापदण्ड विपरीतको निर्माण कार्यको निमित्त उपभोक्ता समितिलाई भुक्तानी दिई रु.३,७४,१२७।६६ हानिनोक्सानी पुऱ्याएकोले निजहरुलाई भ्रष्टाचार निवारण, ऐन २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ग) र (ङ) बमोजिमको कसुरमा रु.३,७४,१२७।६६ (तीन लाख चौरहत्तर हजार एक सय सत्ताइस रुपैंया छैसठ्ठी पैसा) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय गरी बिगोसमेत असुल उपर हुन साथै नभए नगरेको कार्य देखाई गलत नापी किताब, भुक्तानी बिल र कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानीको लागि पेश गर्ने कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ उपदफा (२) बमोजिमको कसुरसमेत भएकोले ऐ.ऐ. दफा १९ उपदफा (२) बमोजिम सजाय हुन मागदाबी लिइएको छ।

**(२) महानन्द चोक हिगुवा योगी डाँडा हुँदै वर्खे डाँडा मोटर बाटो मर्मत उपभोक्ता समितिका अध्यक्ष भुवननाथ अधिकारी, सचिव गोपाल बहादुर थापामगर र कोषाध्यक्ष मेनुका तामाङ्गले** आ.व. २०७४।०७५ मा खाँदबारी नगरपालिका वडा नं. ६ स्थित महानन्द चोक हिगुवा हुँदै थलेडाँडा वर्खेडाँडा सडक मर्मत कार्यमा वास्तविक रुपमा भए गरेको कार्यभन्दा बढी कार्य भए गरेको भनी सम्झौता गरेको वखत स्वीकार गरेको शर्त उल्लंघन गरी सरकारी रकमबाट लाभ लिने उद्देश्यले रु.३,७४,१२७।६६ बढी भुक्तानी लिएको देखिएकोले निजहरु उपभोक्ता समितिका अध्यक्ष भुवननाथ अधिकारी, सचिव गोपाल बहादुर थापामगर र कोषाध्यक्ष मेनुका तामाङ्गलाई भ्रष्टाचार निवारण, ऐन २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुरमा रु.३,७४,१२७।६६ (तीन लाख चौरहत्तर हजार एक सय सत्ताइस रुपैंया छैसठ्ठी पैसा) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजायको मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ एवं दफा ३५ र भ्रष्टचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी